बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

मन्थली, रामेछाप

## कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रममा सहभागीताको लागि प्रस्ताव आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१२

कृषि विकास कार्यालय, रामेछापको आ.व.२०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार **कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रममा** सहभागी हुन यस कार्यालयको कार्यक्षेत्र (रामेछाप र दोलखा जिल्ला) भित्रका इच्छुक योग्य कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमीले यो सूचना प्रकाशित मितिले २१ औं दिन (मिति २०८१/१०/०३) कार्यालय समयभित्र देहाय बमोजिमको कागजातहरु सहित रीतपूर्वक आवेदन कृषि विकास कार्यालय,रामेछाप वा कार्यालयको सेवा केन्द्र,चरिकोट दोलखामा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै इमेल applicationador2081@gmail.com मार्फत पनि आवेदन पेश गर्न सकिनेछ ।

| कार्यक्रमको नाम | ईकाइ | परिमाण | कुल बजेट (रु.) | स्वीकृत कार्यविधि |
|---|---|---|---|---|
| कृषि यान्त्रीकरण तथा प्रविधि प्रवर्धन कार्यक्रम | पटक | १ | ३० लाख | कृषि यान्त्रीकरणं तथा प्रविधि प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ |

**आवेदन/प्रस्तावपत्र गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. रु.१० को हुलाक टिकट टाँस गरेको अनुसूची-२ अनुसारको आवेदन,
२. अनुसूची-३ अनुसारको प्रतिबद्धता पत्र,
३. मेसिनरी औजार सञ्चालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि
४. संस्था दर्ता,नवीकरण,प्यान/भ्याट र कर चुक्ताको प्रतिलिपि
५. कृषि उधम, व्यवसाय वा कृषि कम्पनीको हकमा सम्बन्धित निकायमा दर्ता/नविकरण/अनुमति लिएको प्रमाणपत्र ।
६. समूह/सहकारीको हकमा कार्यक्रमको माग,संचालन र अख्तियार प्राप्त व्यक्तितोकिएको सम्बन्धि संस्थागत निर्णयको छायाँकपि।
७. खेति गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिइ खेति गरेको भएमा करार सम्झौताको प्रतिलिपी ।
८. प्रस्तावमा उल्लेखित सोहि कार्यको लागि अन्य सरकारी तथा गैरसरकारी निकायबाट सहयोग लिए/नलिएको स्व-घोषणा।
९. अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको छायाँकपि।
१०. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा वा वडाको सिफारिस पत्र।

नोटः साना कृषि यन्त्र उपकरणहरु माग गर्नको लागि कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यन्वयन कार्यविधि,२०८१ को अनुसूची-४ बमोजिमको न्युनतम मापदण्ड पुरा गर्नुपर्नेछ ।

**पूनश्चः** थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०४८-५४०३०८, ५४००६३/९८५४०२४५७९ मा सम्पर्क गर्न सक्नुहुनेछ । कार्यक्रम सम्बन्धी कार्यविधि कृषि विकास कार्यालय, रामेछापको वेबसाइट **www.ramechhap.ado.gov.np** मा हेर्न र डाउनलोड गर्न सक्नुहुनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरुमाथि कुनै प्रक्रिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन ।

मिन बहादुर पुन
प्रमुख